नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**
सानोठिमी, भक्तपुर
**सूचना प्रकाशन मितिः २०८३।०७।०९**

## २०८३ सालमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा कक्षा–१० (एसईई) मा समावेश हुनका लागि परीक्षा आवेदन फाराम भर्ने भराउनेसम्बन्धी सूचना

२०८३ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सामावेश हुनका लागि शैक्षिक सत्र २०८३ मा कक्षा १० मा नियमित रूपमा अध्ययनरत विद्यार्थीले (माध्यमिक तहको खुला तथा वैकल्पिक विद्यालय, अनौपचारिक विद्यालय र प्राविधिक धारतर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीसमेत) २०८३ कात्तिक ०९ गतेदिख २०८३ मङ्सिर ०८ गतेभित्र प्रतिपरीक्षार्थी परीक्षा दस्तुर रु. ५००।– (पाँच सय) सहित आवेदन फाराम भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तहका शिक्षा शाखा/महाशाखारविद्यालय तथा विद्यार्थीको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यालयमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि**

हाल कक्षा १० मा नियमित विद्यार्थीका रूपमा अध्ययनरत विद्यार्थीहरूलेः (क) रजिस्ट्रेसन अर्धकट्टीको प्रतिलिपि (ख) शैक्षिक सत्र २०८१ वा सोभन्दा पहिले आधारभूत तह (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि (ग) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोसाकमा हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी आवेदन फाराम भरी परीक्षा दस्तुरसहित सम्बन्धित विद्यालयमा बुझाउने

**२. खुला, वैकल्पिक तथा अनौपचारिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि**

(क) दूर शिक्षा/खुला सिकाइ कार्यक्रमअन्तर्गत तोकिएका सबै सर्त पूरा गरेको सिफारिससहित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी परीक्षा दस्तुरसहित सम्बन्धित विद्यालयमा बुझाउने। खुला वैकल्पिक तर्फका विद्यार्थीहरूले कक्षा ८ वा सोसरहको आधारभूत तह उत्तीर्ण गरेको दुई वर्षपश्चात् कक्षा ९ र १० को कार्यक्रममा भर्ना भई अध्ययन गरेको **(प्रमाणपत्र जारी गर्ने निकायबाट यो सूचना प्रकाशन भएपछि भेरिफिकेसन गरिएको)** र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि प्रधानाध्यापकबाट प्रमाणित गरी पेस गर्नुपर्ने छ। अनौपचारिक विद्यालय वा खुला वैकल्पिक विद्यालयको बारेमा शिक्षा विकास तथा समन्वय एकाइले विद्यालयको अनुमति पत्रलगायत अन्य कागजात हेरी यकिन गर्नुपर्ने छ।

(ख) अनौपचारिक विद्यालयमा अध्ययनरत विद्यार्थीले तोकिएका सबै सर्त पूरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी पासपोर्ट साइजको दुईप्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी परीक्षा दस्तुरसहित सम्बन्धित विद्यालयमा बुझाउनुपर्ने छ।

३. शिक्षा नियमावली(संशोधनसहितको) नियम ७८(६) तथा नियम ८३ बमोजिमका विद्यार्थी २०८३ सालको माध्यमिक शिक्षा परीक्षामा समावेश हुन सक्ने छन्।

४. विद्यालयहरूले उल्लिखित बुँदा नं. १ र २ अनुसार आवेदन फाराम भर्ने विद्यार्थीको नाम, थर, जन्ममिति र परीक्षा दिने विषयहरू ठिकसँग भरे नभरेको रुजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी अङ्ग्रेजी अल्फावेटको बढ्दो क्रममा फारामहरू राखी समष्टिगत र फारामको क्रम मिले नमिलेको जाँच गरी परीक्षा दस्तुरबापतको राजस्व जम्मा गरेको भौचर वा नगदी रसिदसमेत संलग्न राखी २०८३ मङ्सिर १४ गते (अन्तिम मिति) भित्र उक्त फाराम शिक्षा विकास तथा समन्वय एकाइमा बुझाइ सक्नुपर्ने छ।

५. परीक्षा दस्तुरबापतको राजस्व शिक्षा विकास तथा समन्वय एकाइले बैङ्कमा जम्मा गरिसक्ने अन्तिम मिति २०८३ मङ्सिर १५ गतेसम्म कायम गरिएको छ। राजसव शीर्षक नं. १४२२३ रहेको छ।

६. शिक्षा विकास तथा समन्वय एकाइले प्राप्त आवेदन फाराम कम्प्युटरमा Entry गरी रुजुसमेत गरी Electronic copy मिति २०८३ साल पुस मान्त (अन्तिम मिति) भित्र राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाइसक्नुपर्ने छ।

७. राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० तथा सम्बन्धित शिक्षा विकास निर्देशनालयको समन्वयमा शिक्षा विकास तथा समन्वय एकाइले पनिका कक्षा १० बाट पठाएअनुसारको आठ अङ्कको सिम्बोल नम्बर र अल्फावेटसमेत कायम गरी प्रवेशपत्र उपलब्ध गराउनुपर्ने छ। सम्बन्धित शिक्षा विकास निर्देशनालयसँगको समन्वयमा शिक्षा विकास तथा समन्वय एकाइले २०८३ माघ ७ गते भित्र अनिवार्यरूपमा परीक्षा केन्द्र निर्धारण गरी जिल्ला परीक्षा समन्वय समितिबाट निर्णय गराई पनिका कक्षा १० र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाइसक्नुपर्ने छ। परीक्षा केन्द्र कायम गर्दा विद्यार्थीहरूलाई पायक पर्ने गरेर र इमेल, इन्टरनेट, प्रिन्टर, फोटोकपी र ब्याकअप भएका विद्यालयलाई प्राथमिकता दिनुपर्ने छ। परीक्षा केन्द्र निर्धारण गर्दा विद्यालयहरूको नाम र कोड नम्बर उल्लेख गर्नुपर्ने छ। परीक्षा केन्द्र निर्धारण गर्दा प्रतिकेन्द्र दुर्गम/हिमाली क्षेत्रमा कम्तीमा १५०, पहाडी क्षेत्रमा कम्तीमा २५० र तराई, भित्री मधेस र उपत्यकामा ३०० भन्दा बढी ४०० सम्म विद्यार्थी संङ्ख्या रहने गरी तथा ग्रेडबृद्धि र प्राविधिक धारतर्फका विद्यार्थी सङ्ख्याको आधारमा जिल्ला सदरमुकाममा वा एकभन्दा बढी रहने भएमा पायक पर्ने स्थानमा पर्ने गरी निर्धारण गर्नुपर्ने छ।

८. स्वीकृत फारामको अभिलेख प्रति (Office Copy) राष्ट्रिय परीक्षा बोर्डले माग गरेको बेला प्रस्तुत गर्ने गरी सुरक्षित राख्ने र प्रवेशपत्र (Student Copy) को शिक्षा विकास तथा समन्वय एकाइले सिम्बोल नम्बर कायम गरी सम्बन्धित विद्यार्थीले परीक्षाको समयमा प्राप्त गर्ने गरी विद्यालयमार्फत वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने छ।

९. आवेदन फाराम भर्ने विद्यार्थीले आफू नियमित रूपमा अध्ययन गरेको विद्यालयबाट मात्र आवेदन फाराम भर्नुपर्ने छ। एकभन्दा बढी विद्यालय वा स्थानबाट फाराम भरेको पाइएमा त्यस्ता दुबैतर्फका फारामहरू रद्द गरिने छन्। कक्षा १० मा अन्य विद्यालय तथा जिल्लाबाट स्थानान्तरण भई नयाँ भर्ना हुन आउने विद्यार्थीको हकमा संशोधित शिक्षा नियमावलीअनुसार गरी त्यस्ता खाले विद्यार्थीको छुट्टै अभिलेख राखी पनिका र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाउनुपर्ने छ। कक्षा १० को परीक्षा दिने बिदेसी विद्यार्थीको विवरण पनि छुट्टै पठाउनुपर्ने छ।

१०. तोकिएको समयभित्र आवेदन फाराम नभर्ने विद्यार्थीले एसईई परीक्षा २०८३ मा सामेल हुन पाउने छैनन्। त्यसका लागि सम्बन्धित विद्यालयले समयमै सबै विद्यार्थीबाट फाराम भराउने व्यवस्था मिलाउनुपर्ने छ।

११. विद्यालयले आन्तरिक अङ्क तालिका र अन्य विवरणसहितका कागजात २०८३ माघ मसान्तभित्र शिक्षा विकास तथा समन्वय एकाइमा बुझाउने र एकाइले २०८३ फागुन ७ गतेभित्र राजस्वको विवरण, अयोग्य विद्यार्थीहरूको विवरण र विद्यार्थीहरूको आन्तरिक अङ्क समेत पनिकामा अनिवार्य आइपुग्ने गरी पठाउनुपर्ने छ। आन्तरिक अङ्क पठाउँदा विषयगत भार यकिन गरी पछिसम्म फरक नपर्ने गरी पठाउनुपर्ने छ। राजस्वको विवरण पठाउँदा विद्यालय कोडको बढ्दो क्रममा विद्यालयगत विद्यार्थी सङ्ख्या र विद्यालयले बुझाएको राजस्व रकम स्पष्ट खुल्ने विवरण तयार गरी पठाउनुपर्ने छ।

१२. खुला, वैकल्पिक तथा अनौपचारिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी र सबै प्रक्रिया पूरा गरी कक्षा १० मा भर्ना भई अध्ययन गर्ने बिदेसी विद्यार्थीले रजिस्ट्रेसन फाराम र आवेदन फाराम सँगै भर्नुपर्ने छ।

**१३. ग्रेडवृद्धि तर्फ (साधारण, परम्परागत, प्राविधिक, खुला तथा वैकल्पिक र अनौपचारिक विद्यालयका परीक्षार्थी)**

(अ) २०८० सालको नियमित वा ग्रेडबृद्धि (पूरक) परीक्षाका परीक्षार्थीले **NG**आएका र अनुपस्थित भएको विषयमा मात्र ग्रेडवृद्धि परीक्षाका लागि आवेदन फाराम भर्नु भराउनुपर्ने छ। आवेदन फाराम भर्दा परीक्षार्थीले आफूले नियमित अध्ययन गरेको विद्यालयबाट नै भर्नुपर्ने छ। एक विद्यालयले अर्को विद्यालयमा अध्ययन गरेका विद्यार्थीको आवेदन फाराम भराउन पाइने छैन। अन्य विद्यालयबाट आवेदन फाराम भरे भराएमा स्वतः रद्द हुने छ।

(आ) १३(अ) अनुसारका परीक्षार्थीले हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो टाँसी आवेदन फाराम भरी देहायका कागजात संलग्न राखी परीक्षा दस्तुरसहित सम्बन्धित विद्यालयमा बुझाउनुपर्ने छ।

(क) रजिस्ट्रेसन स्लिपको प्रतिलिपि (ख) ग्रेडसिटको प्रतिलिपि

(इ) ग्रेडवृद्धितर्फका परीक्षार्थीहरूले पहेँलो रङको फाराम मात्र प्रयोग गर्नुपर्ने छ।

१४. सम्बन्धित शिक्षा विकास निर्देशनालयहरूले उल्लिखित सूचनाबमोजिम विद्यार्थीहरूको परीक्षा आवेदन फाराम भराउने तथा परीक्षा केन्द्र कायम गर्नेलगायतका कार्यहरूमा सम्बन्धित प्रदेशअन्तर्गतका शिक्षा विकास तथा समन्वय एकाइहरूलाई सहजीकरण गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ।

यससम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्डको website neb.gov.np,. परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोनं. ०१६६३०८१९ मा सम्पर्क गरेर वा Website www.see.gov.np,,शिक्षा विभागको Website www.cehrd.gov.np र सम्बन्धित प्रदेश शिक्षा विकास निर्देशनालयको वेबसाइट हेरेर प्राप्त गर्न सकिने छ।

**परीक्षा नियन्त्रक**